बुद्धभूमि नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक बुढी, कपिलवस्तु

लुम्बिनि प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टी, बालुवा उत्खनन एंव संकलन गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धि सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८।०७।५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) तथा ११ को उपदफा २ (घ) को खण्ड (६), लुम्बिनि प्रदेश सरकारको आर्थिक अध्यादेश, २०७८, नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन मापदण्ड, २०७७ तथा लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ र बुद्धभूमि नगरपालिकाको आर्थिक ऐन,२०७८ अनुसार तोकिएका नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थको नगरपालिकाबाट तोकेको दररेट एंव स्थानबाट बिक्री गर्नु पर्ने भएकोले प्रारम्भिक वातावरणीय परीक्षणको स्वीकृत प्रतिवेदनमा उल्लेख भए बमोजिमका शर्तहरुको अधीनमा रही निम्नानुसारको न्यूनतम ठेक अंकमा नघट्ने गरी आ.व. २०७८/७९ मंसिर १ देखि तोकिएको परिमाण उठिसकेको अवस्थामा सोही अनुरुप अन्यथा २०७९ जेष्ठ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा मूल्य अभिवृद्धि करमा दर्तावाल इच्छुक व्यक्ति, फर्म, कम्पनीले आफुले लिन चाहेको ठेक्काको बोलपत्र फाराम दस्तुर फिर्ता नहुने गरी बुझाई मिति २०७८ कार्तिक १२ गते दिनको १२ बजे सम्म विद्युतीय खरिद प्रणालीले तोकेको समय भित्र छुट्टाछुट्टै E-Bidding मार्फत बोलपत्र खरिद गरेको रकम श्री एन.एम.बी बैंक गोरुसिंगे शाखामा रहेको आन्तरिक राजश्व खाता ०४४००५५९९७६०००१२ मा जम्मा गरी सोको सक्कल भौचर समावेश गरी आफुले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्धारा आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस बुद्धभूमि नगरपालिकाको नाममा श्री एन.एम.बी. बैंक, गोरुसिंगे शाखामा रहेको धरौटी खाता ०४४००५५९९७६०००४१ मा वा १२० दिन ( बोलपत्र खोलेको मितिबाट) सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको विडवण्ड बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा बोलपत्र पेश गर्नुहुन र पेश हुन आएका बोलपत्रहरु मिति २०७८ कार्तिक १२ गते दिनको २ बजे देखि यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। बोलपत्र स्वीकृत वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ। सूचनामा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ। थप जानकारीका लागि नगरपालिकाको सूचना पाटी / website वा राजश्व शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

तपसिल:

नदिजन्य वस्तुको संकलन र बिक्री : (ढुङ्गा, गिट्टी, वालुवा र मिस्कट )

| सि.नं. | सूचना न. / बोलपत्र नं. | नदि/खोला/बोलपत्रको नाम<br>उत्खनन र निकासीका लागि तोकिएको स्थान | उत्खनन परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | 1/BM/REV/2078/079 | अगिया खोला चमरसट उत्तर भटवा (ख) | २७००० | रु.१,१४,४०,४४० | ३०००। |
| २ | 2/BM/REV/2078/079 | अगिया खोला चमरसट उत्तर भटवा (क) | १८६३० | रु.७८,९३,९०४ | ३०००। |
| ३ | 3/BM/REV/2078/079 | अगिया खोला गब्दहवा (क) र (ख) | २१०८१ | रु.८९,३२,४४२ | ३०००। |
| ४ | 4/BM/REV/2078/079 | कोन्द्रा खोला मझुरे डाँडा १, २, ३, ४ र टिक्कर १, २, ३, ४ | २४९९६ | रु.१,०५,९१,३०६ | ३०००। |
| ५ | 5/BM/REV/2078/079 | घोघवा खोला मसुरिया क्षेत्र १, २, ३ र सेमरा क्षेत्र १, २ | ११४२३ | रु.४८,४०,१५४ | ३०००। |
| ६ | 6/BM/REV/2078/079 | गुडरुङ खोला खण्ड (क) चंघाट क्षेत्र २,३ | ३५६५८ | रु.१,५१,०९,००८ | ३०००। |

जितिन तिम्सिना (?)

केशव ज्ञवाली
अधिकृत

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

शर्तहरु

१. संघ, प्रदेश सरकार र नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

२. ठेकेदारबाट कुनै शर्त राखिएको र रीत नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन । ठेकेदार र नगरपालिका कार्यालय बीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तिम तथा मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन नियम अनुसारको शर्त तथा बन्देज समेत राखिनेछ ।

३. रोयल्टी बापत प्रति क्यू. फिट १२। ( भ्याट बाहेक ) का दरले राजश्व असुल गर्नुपर्नेछ । बोलपत्रमा उल्लेखित न्यूनतम ठेक्का अंकमा मु.अ.कर समावेश नभएकोले ठेकेदारले रोयल्टी असुल गर्दा तोकिए बमोजिमको मूल्य अभिवृद्धि कर थप गरि रोयल्टी असुल गर्नुपर्नेछ ।

४. बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र कबोल ठेक्का अंकको ५० प्रतिशत रकम र मू.अ.कर एकमुष्ठ ठेक्का सम्झौताका बखत जम्मा गर्नुपर्नेछ । ठेक्का सम्झौताका बखत बाँकी ५० प्रतिशत रकम बराबरको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त वाणिज्य बैंकको २०७९ आषाढ मसान्त सम्म म्याद भएको स्वीकृत बैंक जमानत परफरमेन्स बण्ड पेश गर्नुपर्नेछ । दोस्रो किस्ता बापतको बाँकी ५० प्रतिशत रकम २०७९ फागुन मसान्त भित्र अनिवार्य रुपमा बुझाउने गरि समयावधि निर्धारण गरिनेछ ।

५. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाबाट दिईएको कार्यादेश रोक्का गरि बाँकी रहेको किस्ता असुल गरी आवस्यक कानुनी कारबाही गरिनेछ । बाँकी रहेको नदिजन्य पदार्थ नगरपालिकाले पुन लिलाम गरि वा सोझै बिक्री गर्न सक्नेछ ।

६. ठेकेदारले कुनै आयोजना वा संस्थाले मात्र पाउने गरि नदिजन्य पदार्थ बिक्रि गर्न पाउने छैन ।

७. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको रोयल्टी उठाउँदा प्रयोग गर्ने सिलसिलेबार नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसिदहरु नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । रोयल्टी असुल गर्दा समय उल्लेख नगरी रसिद काटेमा प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नक्कली रसिद छाप र दस्तखत प्रयोग गरेको, संकलन गर्नुपूर्व लगाईएको रेखांकन नष्ट गरेको, तोकिएको मापदण्ड भन्दा गहिरो हुने गरी उत्खनन गरेको पाईएमा पहिलो पटक रु.२५०००। पुन दोहोरीएमा रु.५००००। जरिवाना र पटकै पिच्छे दोहोरिएमा धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ ।

८. रोयल्टी असुल सम्बन्धित उत्खनन स्थलबाट मात्र गर्नुपर्नेछ । साथै संकलन/उत्खनन गरिने क्षेत्र परिमाण विधि समयावधि र दररेट सहितको होडिंग बोर्ड सम्बन्धित घाटमा राख्नुपर्नेछ ।

९. ठेक्का स्वीकृत भई सम्झौता पश्चात नगरपालिका वा सम्मानित अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक कोभिड १९ वा अन्य कुनै पनि बन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईनेछैन ।

१०. साविक रुपमा उत्खनन स्थलबाट बिक्री गरेको परिमाण खुल्ने गरि महिना समाप्त भएको सात दिनभित्र नगरपालिकाबाट तोकिएको ढाँचामा विवरण पेश गरेको निस्सा लिनुपर्नेछ ।

११. तोकिएको बाहेक अन्य स्थानबाट बालुवा, गिट्टि, ढुङ्गा र मिस्कट निकाल्न पाईने छैन । यान्त्रिक उपकरणहरु प्रयोग गर्न पाइने छैन । घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

१२. घाटहरुबाट बिक्री हुने ढुङ्गा, गिट्टी, बालुवा र मिस्कटको परिमाण उल्लेख भएको नगदी रसिद प्रयोग गरि ढुवानी प्रबन्ध मिलाउनुपर्नेछ । परिमाण उल्लेख नगरी वा कम उल्लेख गरी कर असुल गरेमा पहिलो पटक रु.१५०००। र पुन: दोहोरिएमा रु.२००००। का दरले थप रकम तिर्नु पर्नेछ ।

१३. ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट निकासी गर्ने चलन चल्तीका बाटो बाहेक नयाँ बाटो खोल्न पाईने छैन । बाटो मर्मतको व्यवस्था ठेकेदारले स्वयंमले गर्नुपर्नेछ । खर्चको दावा गर्न पाइने छैन ।

१४. नगरपालिका भित्र पर्ने राजमार्ग, सहायकमार्ग, जिल्ला मार्ग, शहरी मार्ग, पुलपुलेशा, कल्भर्ट, नहर, हेड बाँधको अपस्ट्रिम ५०० मिटर र डाउन स्ट्रीम ५०० मिटर भित्र र सार्वजनिक निर्माण स्थलबाट तल माथि २०० मिटर भित्र ढुङ्गा, गिट्टी, बालुवा र मिस्कट आदि झिक्न पाइने छैन । नदि खोलाको घाट वा आकृती बिग्रने गरी नदि किनारमा प्राकृतिक तवरले रहेका ढुङ्गा तोड्न वा फोड्न पाइने छैन । ठेक्का अवधि तोकिएको परिमाण पुगेको अवस्थामा सोही बमोजिम अन्यथा २०७८ मंसिर १ देखि २०७९ जेष्ठ मसान्तसम्म मात्र रहनेछ । परिमाण पुरा भएको अवस्थामा जुनसुकै समयमा पनि बन्द गर्न सकिनेछ ।

१५. भिजेको चिसो बालुवाबाट पानी चुहिने गरी ढुवानी गर्न पाईने छैन । सुख्खा बालुवा छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्नेछ । नदि वस्ती क्षेत्रमा हर्न बजाउन साथै हावा चलेको बेला संकलन तथा ढुवानी कार्य गर्न पाइने छैन । कामदारहरुका लागि दुर्घटना बिमाका साथै प्राथमिक उपचार र मास्क तथा सेनिटाइजर व्यवस्था मिलाउनु पर्नेछ ।

१६. नदि किनारा तथा आसपासका वनवस्ती र जीव जन्तुलाई क्षति नपुग्ने गरी सुर्योदय देखि सुर्यास्तको समयभित्र मात्र संकलन तथा निकासी गर्नुपर्नेछ ।

[signature]

...ेश नेपाली
अधिकृत

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१७. नदिमा बाढी आएको बेला संकलन गर्न पाईनेछैन। साथै संकलन तथा ढुवानी कार्यमा स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्य गराउनु पर्नेछ।

१८. वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै कार्य गर्न पाईने छैन साथै वातावरण संरक्षण सम्बन्धि नगरपालिकाको प्रतिवद्धता र आदेशलाई पालना गर्नुपर्नेछ।

१९. ठेक्का सम्झौता भएको पाँच दिन भित्र ठेकेदार र प्राविधिक कर्मचारी समेतको रोहबरमा संकलन गर्न सकिने स्थानको सिमांकन तथा रेखाकंन गरिने र संकलन/उत्खनन गरिने कार्यमा संलग्न सम्भावित कामदारलाई वातावरणीय सचेतना दिएपछि मात्र कार्यको सुरुवात गरिनेछ। उल्लेखित कार्य पुरा नभएसम्म ठेकेदारले नदिबाट संकलन गर्न पाउने छैन।

२०. नदिजन्य पदार्थ संकलन उत्खनन स्थलको जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिबाट तथा नगरपालिकाबाट जुनसुकै बखत अनुगमन हुन सक्नेछ। नियम विपरित भएमा अनुगमन समितिको र नगरपालिकाको निर्देशन ठेकेदारले पालना गर्नु पर्नेछ।

२१. ठेक्का समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र पेश गरेपछि मात्र धरौटी फिर्ता दिईने छ।

२२. वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७६ को प्रावधान बमोजिम स्वीकृत IEE का शर्तहरुले वातावरण प्रभाव न्युन गर्ने सम्बन्धमा पालना गर्न तोकेका शर्तहरु यस ठेक्काको शर्त मानी दुवै पक्षबाट पालना गरिनेछ।

२३. स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित गहिराईको मापनको आधारमा कामदारबाट श्रममुलक प्रक्रिया अपनाई उत्खनन गर्नुपर्नेछ।

२४. उत्खननको लागि तोकिएको स्थानमा तोकिएको परिमाण बराबरको नदिजन्य पदार्थ उत्खनन गरि बिक्रि गर्नुपर्नेछ। घाटगद्दीको व्यस्था गरिनेछैन।

२५. ढुङ्गा, गिट्टी, बालुवा तथा मिस्कटको उत्खनन, संकलन तथा ढुवानी गर्दा गराउदा जिल्ला अनुगमन तथा समन्वय समिति लगायतका निकायबाट हुने रेखदेख, नियन्त्रण, नियमन, सम्पर्क समन्वय तथा सहयोग सम्बन्धमा संघीय सरकार र प्रदेश सरकारको निर्णय मुताविकका प्रावधानको पालना गर्नु पर्नेछ।

२६. सार्वजनिक स्थलहरुको संरक्षणका लागि ढुङ्गा, गिट्टी, बालुवा तथा मिस्कट निकाल्न निषेध गरिएको क्षेत्रमा सम्बन्धित निकाय र नगरपालिकाको सहमतिमा वातावरणीय हिसाबले मालवस्तु निकाल्नु पर्ने भएमा नगरपालिकाले वैकल्पिक व्यवस्था गरी उठाउनेछ र सो मा ठेकेदार पक्षको कुनै दावी रहने छैन।

२७. उत्खनन पश्चात काम नलाग्ने भनी छोडीएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ। नदिको धार बदलिने गरी उत्खनन गर्न पाईनेछैन।

२८. साधारण निर्माणमुखी नदिजन्य पदार्थ उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्वन गरी ढुङ्गा, गिट्टी, बालुवा तथा मिस्कट आदि संकलन तथा ढुवानी गर्नुपर्नेछ र उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा कुलो बाँधमा क्षति नहुने गरी उत्खनन गर्नुपर्नेछ।

२९. यो सूचनामा उल्लेख भएका शर्तहरु यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत

केशव ज्ञवाली
अधिकृत

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner